## रक्त परीक्षण गरेर जाँच गरिने रोगहरू, निरन्तरः

- Hb S/C disease (Hb S/C)
- Holocarboxylase synthetase deficiency (MCD or multiple carboxylase deficiency)
- Homocystinuria (HCY)
- Isovaleric acidemia (IVA)
- Long-chain L-3-OH acyl-CoA dehydrogenase deficiency (LCHAD)
- Maple syrup urine disease (MSUD)
- Medium-chain acyl-CoA dehydrogenase deficiency (MCAD)
- Methylmalonic acidemia: cobalamin A, B (Cbl A, B)
- Methylmalonic acidemia: mutase deficiency (MUT)
- Mucopolysaccharidosis type I (MPS I)
- Phenylketonuria (PKU)
- Pompe disease
- Propionic acidemia (PROP)
- Severe combined immunodeficiency (SCID)
- Sickle cell anemia (SCA or Hb S/S)
- Spinal muscular atrophy (SMA)
- Trifunctional protein deficiency (TFP)
- Tyrosinemia type I (TYR I)
- Very long-chain acyl-CoA dehydrogenase deficiency (VLCAD)
- X-linked adrenoleukodystrophy (X-ALD)

## प्रसूति अस्पतालमा वा सुँडेनीहरूद्वारा अन्य दुई स्क्रिनिङ परीक्षणहरू गरिन्छ:

- Critical congenital heart disease (CCHD)
- Hearing



**कुनै प्रश्नहरू छन् ? हामीलाई यी नम्बरहरूमा फोन गर्नुहोस्:**

**800-660-4427 वा 802-951-5180**

VERMONT
DEPARTMENT OF HEALTH

**मातृ तथा बाल स्वास्थ्य डिभिजन**
**विशेष स्वास्थ्य आवश्यकता भएका बच्चाहरू**
108 Cherry Street, PO Box 70
Burlington, VT 05402 **healthvermont.gov/family/newbornscreening**
**800-660-4427** (भर्मोन्टको लागि मात्र) वा **802-951-5180**
फ्याक्स: 802-951-1218

संशोधित 7/16/2019

Nepali

# भर्मोन्ट नवजात शिशु स्क्रिनिङ कार्यक्रम



VERMONT
DEPARTMENT OF HEALTH

**भर्मोन्टमा जन्मेका सबै शिशुहरूलाई जन्मँदा स्पष्ट नदेखिन सक्ने दुर्लभ तर गम्भीर स्वास्थ्य समस्याहरूको जाँच गर्न नवजात शिशु स्क्रिनिङ परीक्षणहरू प्राप्त गर्ने अवसर हुन्छ ।**

## मेरो बच्चालाई नवजात शिशु स्क्रिनिङ परीक्षणहरू किन आवश्यक हुन्छ ?

- स्वस्थ भएता पनि हामी सबै शिशुहरूको नवजात शिशु स्क्रिनिङ परीक्षणहरू गर्न सिफारिस गर्दछौं ।
- नवजात शिशु स्क्रिनिङ परीक्षणहरूले बिरामी वा मृत्यु नै गराउन सक्ने दुर्लभ स्वास्थ्य समस्याहरू छन् कि भनेर शिशुको रगत जाँच गर्दछन् ।
- परीक्षण गरेर ती स्वास्थ्य समस्याहरू सुरुमै पत्ता लागेपछि, शिशुहरूले उनीहरूलाई आवश्यक पर्ने उपचार र हेरचाह पाउन सक्छन् ।
- धेरैजसो शिशुहरू जन्मँदा स्वस्थ नै हुन्छन् तरपनि परीक्षण गर्नु जरुरी हुन्छ ।

## मेरो बच्चाको परीक्षण कसरी गरिन्छ ?

- अस्पतालका स्वास्थ्यकर्मीले तपाईंको बच्चाको कुर्कुच्चाबाट थोरै रगत निकाल्नेछन् र त्यसलाई प्रयोगशालामा पठाउनेछन् ।
- स्वास्थ्यकर्मीले श्रवणशक्ति र मुटु सम्बन्धी समस्याहरूको पनि जाँच गर्नेछन् । यी परीक्षणहरू गर्न रगतको आवश्यकता पर्दैन ।
- यदि तपाईंको बच्चाको जन्म घरमा भएको छ भने सुँडेनीहरूले नै यी परीक्षणहरू गर्न सक्दछन् ।
- आफ्नो बच्चाको परीक्षण गराउन नचाहने आमाबाबु वा अभिभावकहरूले फाराममा हस्ताक्षर गरेर अस्वीकार गर्न सक्दछन् । फाराममा हस्ताक्षर गर्नु अघि परीक्षण नगर्दा हुने जोखिमको बारेमा एकजना स्वास्थ्यकर्मीले व्याख्या गर्नुपर्ने हुन्छ ।



## मैले परीक्षणहरूका नतीजाहरू कसरी प्राप्त गर्नेछु ?

- तपाईंको बच्चाका स्वास्थ्यकर्मीले तपाईंलाई नतिजाहरूका बारेमा बताउनेछन् ।
- रगत परीक्षणका नतिजाहरू तयार हुन केही दिन लाग्न सक्छ ।
- श्रवणशक्ति र मुटु जाँचहरूका नतिजाहरू तुरून्त उपलब्ध हुनेछन् ।

## मेरो बच्चालाई अर्को परीक्षण किन आवश्यक पर्छ ?

- यदि तपाईंको बच्चा जन्मेको 24 घण्टा पुग्नुभन्दा पहिले जाँच गरिएको भएमा ।
- यदि परीक्षण गरिएको तरिकामा त्रुटि भएमा ।
- यदि पहिलो परीक्षणको नतिजाहरूले सम्भावित स्वास्थ्य समस्या देखाएमा ।

## यदि मेरो बच्चालाई अर्को परीक्षण आवश्यक पर्छ भने मैले के गर्नुपर्छ ?

- यदि तपाईंको बच्चालाई अर्को परीक्षण आवश्यक पर्छ भने तपाईंको बच्चाका स्वास्थ्यकर्मी वा नवजात शिशु स्क्रिनिङ कार्यक्रमले तपाईंलाई सम्पर्क गर्नेछन् । उनीहरूले तपाईंलाई तपाईंको बच्चालाई अर्को परीक्षण गर्न किन आवश्यक छ र अब के गर्ने भन्ने बारेमा बताउनेछन् ।
- स्वास्थ्यकर्मीका निर्देशनहरू पालना गर्न र आफ्नो बच्चालाई परीक्षणको लागि लिएर जान जरुरी हुन्छ ।
- परीक्षणका नतिजाहरूका बारेमा तपाईंसँग कुरा गर्न आवश्यक परेको खण्डमा सम्पर्क गर्नका लागि अस्पताल र तपाईंको बच्चाका स्वास्थ्यकर्मीसँग तपाईंको ठेगाना र फोन नम्बर छ भन्ने कुरालाई सुनिश्चित गर्नुहोस् ।

## मेरो बच्चाको रगतको नमूनालाई के गरिन्छ ?

- भर्मोन्टमा रगतका नमूनाहरूलाई प्रयोगशालामा भण्डारण गरेर राखिन्छ र एक वर्षपछि नष्ट गरिन्छ । भर्मोन्ट नवजात शिशु स्क्रिनिङ कार्यक्रमलाई लिखित अनुरोध पठाएर नमूनालाई चाँडै नष्ट गर्न वा अझ लामो समयसम्म सुरक्षित गरेर राख्न सकिनेछ ।



## भर्मोन्टले नियमित रूपमा 35 वटा रोगहरूका लागि नवजात शिशुहरूको जाँच गर्दछ । तीमध्ये 33 वटाको रक्त परीक्षणहरू गरेर जाँच गरिन्छ:

- 3-Methylcrotonyl-CoA carboxylase deficiency (3MCC)
- 3-OH 3-CH3 glutaric aciduria (HMG)
- Argininosuccinic acidemia (ASA)
- Beta-ketothiolase deficiency (BKT)
- Biotinidase deficiency (BIOT)
- Carnitine uptake defect (CUD)
- Citrullinemia (CIT)
- Congenital adrenal hyperplasia (CAH)
- Congenital hypothyroidism (CH)
- Cystic fibrosis (CF)
- Galactosemia (GALT)
- Glutaric acidemia type I (GA I)
- Hb S/Beta-thalassemia (Hb S/Th or Hb S/A)

*अर्को पट्टि क्रमशः*